नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल

# नेपाल सरकार

## गृह मन्त्रालय

# नेपाल प्रहरी प्रधान कार्यालय

(कल्याण महाशाखा)

नक्साल, काठमाण्डौं

चमेना गृह सञ्चालन सम्बन्धी प्रस्ताव पुस्तिका

आ.व.२०८२/०८३

(दोस्रो पटक प्रकाशित मिति २०८२।०९।०७ गते )

**सम्पर्क ठेगाना**

नेपाल प्रहरी प्रधान कार्यालय,
कल्याण महाशाखा, नक्साल, काठमाण्डौ ।
फोन नं.:०१-४४११२८३
फ्याक्स : ०१-४४१८५२०
ईमेल : npwelfare@gmail.com

प्रस्ताव फारम दस्तुर :- ने.रु. १,०००।– (अक्षेरेपि एक हजार रुपैयाँमात्र)
प्रस्ताव पत्र विक्री नं.:
प्रस्ताव पत्र खरिदकर्ता :..........................................................................

## बिषय सुची


| क्र.स. | बिवरण |
|---|---|
| १ | प्रस्ताव आव्हानको सूचना |
| २ | प्रस्ताव सम्बन्धी शर्तहरु |
| ३ | सम्झौताको नमूना |
| ४ | मूल्यसूची |


**नोट :** यो प्रस्तावपत्र खरिद गरी पेश गर्ने प्रस्तावदाताले यस प्रस्ताव सम्बन्धी कागजात पुस्तिकाको क्र.स. ४ मा रहेको मूल्य सूर्च फाराम सफा र स्पष्टसँग भरी पेश गर्नुपर्नेछ। केरमेट गरेको ठाउँमा हस्ताक्षर गरी छाप लगाउनुपर्नेछ।

## मिति २०८२।०९।०७ गते राष्ट्रिय दैनिक गोरखापत्र पत्रिकामा प्रकाशित सूचना

**नेपाल सरकार**

**गृह मन्त्रालय**

**नेपाल प्रहरी प्रधान कार्यालय**

**कल्याण महाशाखा, नक्साल काठमाण्डौं**

### सिलबन्दी प्रस्ताव आह्वानको सूचना

**(दोस्रो पटक सूचना प्रकाशित : मिति २०८२।०९।०७ गते)**

प्रहरी कल्याण कोषद्वारा नेपाल प्रहरी प्रधान कार्यालय नक्साल काठमाण्डौंमा चमेना गृह सञ्चालन गर्न दरभाउपत्रको माध्यमद्वारा विभिन्न फर्म/कम्पनीहरुलाई प्रतिस्पर्धा गराई कार्य सम्पादन गर्न सिलबन्दी प्रस्ताव पेश गर्न सूचना प्रकाशित गरिएको छ, आवेदन फाराम तथा अन्य सर्तहरुसँग सम्बन्धित विस्तृत विवरण नेपाल प्रहरीको website: www.nepalpolice.gov.np मा राखिएको छ, इच्छुक योग्य फर्म/कम्पनीलाई यो सूचना प्रकाशित मितिले ७ दिनभित्र प्रस्तावपत्र खरिद गरी नियमानुसार यस कार्यालयमा पेश गर्न हुन आह्वान गरिन्छ।

१.प्रस्ताव आह्वानको सूचना

**नेपाल सरकार**

**गृह मन्त्रालय**

**नेपाल प्रहरी प्रधान कार्यालय**

**कल्याण महाशाखा, नक्साल काठमाण्डौं**

**(दोस्रो पटक सूचना प्रकाशित मिति २०८२।०९।०७ गते)**

**चमेना गृह सञ्चालन सम्बन्धी प्रस्ताव आह्वानको सूचना**

नेपाल प्रहरी प्रधान कार्यालय, नक्सालको हाताभित्र रहेको चमेना गृह व्यवस्थित रुपमा सञ्चालन गर्नुपर्ने भएकाले आधुनिक चमेना गृह सञ्चालन वा होटल रेष्टुरेन्ट सञ्चालन व्यवस्थापन सम्बन्धी अनुभव प्राप्त इच्छुक फर्म/कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन अर्थात् मिति २०८२।०९।१३ गतेभित्र प्रस्तावपत्र खरिद गरी ८ औं दिन अर्थात् मिति २०८२।०९।१४ गतेको १२:०० बजेभित्र सिलबन्दी प्रस्ताव पेश गर्नु हुन आह्वान गरिएको छ।

१) रा.बा.बैंक टंगालमा प्रहरी कल्याण कोषको नाममा रहेको खाता नं. ११६०१००००१७८७००१ मा रु. १,०००।- (फिर्ता नहुने गरी) जम्मा गरेको सक्कल भौचर नेपाल प्रहरी प्रधान कार्यालय कल्याण महाशाखा, नक्साल काठमाण्डौंमा बुझाइ प्रस्ताव पत्र खरिद गर्न सकिनेछ।

२) चमेनागृह सञ्चालन सम्बन्धी "प्रस्तावदाताले पालना गर्नुपर्ने शर्तहरु" विस्तृत विवरण प्रस्तावपत्रमा उल्लेख गरिएको छ।

३) सम्झौताको अवधि दुवै पक्षले हस्ताक्षर गरेको मिति देखि ३ महिनाको परीक्षणकाल सहित २ बर्ष अवधिको रहनेछ।

४) भाडा प्रस्ताव पेश गर्दा मासिक भाडा रकम खुलेको निवेदन, नेपाली नागरिकताको प्रतिलिपि (संस्था/फर्म भएमा फर्म दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र तथा प्यान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत), व्यवसाय सञ्चालन योजना, लगायत आफूले कबोल गरेको मासिक भाडाको २ (दुइ) वर्ष बराबरको १०% रकम रा.बा.बैंक टंगालमा प्रहरी कल्याण कोषको नाममा रहेको खाता नं.११६०१००००१८४९००१ मा जम्मा गरेको सक्कल भौचर लगायतका कागजातहरु अनिवार्य रुपमा संलग्न गरी सिलबन्दी प्रस्ताव पेश गर्नुपर्नेछ।

५) तोकिएको म्यादभित्र दर्ता हुने प्रस्तावहरु ८ औं दिन मिति २०८२।०९।१४ गते १४:०० बजे नेपाल प्रहरी प्रधान कार्यालयमा खोलिनेछ। सो दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिन सोही स्थान र समयमा प्रस्ताव खोलिनेछ।

६) प्रस्ताव स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार नेपाल प्रहरी प्रधान कार्यालय कल्याण महाशाखा नक्साल काठमाण्डौंमा सुरक्षित रहनेछ। प्रस्ताव सम्बन्धी अन्य कुराहरु बुझ्न परेमा वा स्थान अवलोकन गर्न चाहेमा कार्यालय समयभित्र नेपाल प्रहरी प्रधान कार्यालय कल्याण महाशाखाको सम्पर्क नं.०१–४४१८५२०/४४११२८३ र ९८५१२९८८०८ मा सम्पर्क गर्न सकिनेछ।

## क्र.स.२. प्रस्ताव सम्बन्धी शर्तहरु

**पृष्ठभूमि :**

नेपाल प्रहरी प्रधान कार्यालय नक्सालको हाता भित्र सुबिधा सम्पन्न चमेना गृहबाट सुपथ मूल्यमा प्रहरी अधिकृत, जवान तथा आगन्तुकहरुलाई स्वच्छ तथा गुणस्तरीय खाना र खाजाको सेवा प्रदान गर्ने उद्देश्यले चमेना गृह सञ्चालन गर्नको लागि यो प्रस्ताव पुस्तिका तयार पारिएको छ ।

**प्रस्ताव सम्बन्धी सर्तहरु :**

**१. प्रस्ताव पेश गर्ने :**

१.१ प्रस्तावदाताले एकप्रति सक्कल प्रस्तावपत्र सहितको कागजात तयार गर्नुपर्नेछ, प्रस्तावपत्रको प्रत्येक पृष्ठमा अख्तियार प्राप्त व्यक्तिले सही गरेको हुनुपर्नेछ, जसलाई प्रस्ताव सम्बन्धी फाराम र मूल्य सूचिसँगै संलग्न गरी खाममा सिलबन्दी गरी खामको बाहिर स्पष्ट रुपमा **चमेना गृह सञ्चालन सम्बन्धी प्रस्ताव** भन्ने खुलाई **(नेपाल प्रहरी प्रधान कार्यालय कल्याण महाशाखा, नक्साल काठमाण्डौलाई सम्बोधन गरी मिति** २०८२/०९/१४ **गते** १२:०० वजेभित्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । **(सो दिन कारणवस सरकारी बिदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनको सोही समयमा प्रस्ताव पेश गर्नुपर्नेछ)**

१.२ प्रस्तावको प्रत्येक पेजमा नउड्ने मसीले टाइप गरी वा लेखी प्रस्तावदाता वा प्रस्तावदाताको तर्फबाट रितपूर्वक अख्तियारी प्राप्त गरेको व्यक्तिले सहीछाप गरेको हुनुपर्छ । त्यसरी दिइएको अख्तियारी समेत प्रस्तावपत्रसँगै पेश गर्नुपर्नेछ ।

१.३ प्रस्ताव स्वीकृत गर्ने/नगर्ने आंशिक वा पूर्णरुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार नेपाल प्रहरी प्रधान कार्यालय कल्याण महाशाखामा सुरक्षित हुनेछ । सम्झौता गर्दाका बखत शुरुमा आवश्यकताको सूचीमा तोकिएको खाना, खाजा, चिया, नास्ता लगायतका परिकारहरुको सूची थपघट गर्न पाउने अधिकार नेपाल प्रहरी प्रधान कार्यालय कल्याण महाशाखामा सुरक्षित रहनेछ ।

१.४ करार सम्पन्न हुनुभन्दा पहिले कुनै पनि बखत करार स्वीकृत वा अस्वीकृत गरेको कारणबाट प्रभावित प्रस्तावदाता उपर कुनै दायित्व सृजना नहुने गरी वा प्रभावित प्रस्तावदाताहरुलाई जानकारी गराउनुपर्ने कुनै जिम्मेवारी विना कुनै प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने र प्रस्ताव सम्बन्धी प्रक्रिया नै रद्ध गर्ने सम्पूर्ण अधिकार नेपाल प्रहरी प्रधान कार्यालय कल्याण महाशाखामा रहनेछ ।

१.५ म्यादभित्र दर्ता नभएको तथा रितपूर्वक नभएको प्रस्ताव उपर सार्वजनिक खरिद ऐन तथा नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ । "नेपाल प्रहरी प्रधान कार्यालय कल्याण महाशाखाले प्रस्ताव प्रक्रियाको कागजातमा संशोधन गरी प्रस्ताव दाखिला गर्ने म्याद थप गर्न सक्नेछ र थप गरिएको म्याद नै अन्तिम म्याद कायम हुनेछ ।"

१.६ प्रस्तावको तयारी र दाखिला गर्दा लाग्ने सम्पूर्ण खर्च प्रस्तावदाता स्वयंले व्यहोर्नु पर्नेछ र प्रस्ताव प्रक्रियाको सञ्चालन वा परिणाम जे जस्तो भए पनि प्रहरी कल्याण कोषले त्यस्तो खर्चको जिम्मेवारी बहन गर्ने छैन ।

१.७ निर्देशन फाराम, शर्त, स्पेसिफिकेशन, लगायतका प्रस्ताव सम्बन्धी कागजात प्रस्तावदाताले जाँच गर्नुपर्छ र प्रस्ताव वा प्रस्ताव सम्बन्धी कागजात अनुरुपका सम्पूर्ण कागजात पेश नभएमा वा सारभूत रुपमा प्रभावग्राही नभएको प्रस्ताव दाखिला भएमा त्यस्तो प्रस्ताव अस्वीकृत हुन सक्नेछ ।

१.८ प्रस्तावदाताले तयार पारेको प्रस्ताव र प्रस्तावदाता तथा नेपाल प्रहरी प्रधान कार्यालय कल्याण महाशाखा बीचमा प्रस्तावका सम्बन्धमा हुने सम्पूर्ण पत्राचारको भाषा **नेपाली वा अंग्रेजी** हुनेछ ।

१.९ संस्थाको अद्यावधिक दर्ता कायम रहेको, करचुक्ता प्राप्त गरेको र यसका इकाईहरुले खाद्य गुणस्तर अनुगमनमा कम्तिमा २ स्टार प्राप्त गरेको हुनुपर्नेछ ।

१.१० कम्तिमा विगत ५ वर्षदेखि सञ्चालित रही यसै प्रकारका ठूला संस्थाहरुमा क्यान्टिन सञ्चालन गरेको अनुभव हुनुपर्नेछ ।

१.११ संस्थामा काम गर्ने कम्तिमा एकजना टिमलिडर HACCP® Certified भएको हुनुपर्नेछ ।

१.१२ खाद्य अनुज्ञापत्र प्राप्त भएको गुणस्तरीय उद्योगबाट मात्र तयारी खानेकुराहरु ल्याउनुपर्नेछ ।

१.१३ खाद्यसुरक्षा तथा सरसफाइसम्बन्धी विज्ञता भएको हुनुपर्नेछ ।

१.१४ नेपाल सरकारले तोकेको तहगत पारिश्रमिक प्राप्त गर्ने गरी योग्य, स्वस्थ र सक्षम जनशक्तिले काम गर्नुपर्नेछ । वालध्ये तथा अन्य कुनै पनि श्रमसँग सम्बन्धित विभेदहरु कायम नरहेको हुनुपर्नेछ ।

१.१५ सबै प्रकारका क्याटरिङ सर्भिसेज (इनडोर वा आउटडोर) तथा डिनर लगायतका कार्यक्रमहरु सञ्चालन गर्न सक्षम जनशक्ति रहनुपर्नेछ ।

२. नेपाल प्रहरी प्रधान कार्यालय कल्याण महाशाखासँग सम्पर्कः–

(क) कुनै पनि प्रस्तावदाताले प्रस्ताव खोलेदेखि करार (सम्झौता) सम्पन्न नहुँदासम्म प्रस्तावको कुनै कुराको सम्बन्धमा नेपाल प्रहरी प्रधान कार्यालय कल्याण महाशाखासँग सम्पर्क गर्न सक्ने छैन, प्रस्तावदाताले नेपाल प्रहरी प्रधान कार्यालय कल्याण महाशाखाको जानकारीमा कुनै थप कुरा ल्याउन चाहेमा निजले सो कार्य लिखित रुपमा गर्नुपर्नेछ।

(ख) प्रस्ताव मूल्याङ्कन, तुलना वा करार सम्पन्न गर्ने निर्णयमा प्रस्तावदाताले नेपाल प्रहरी प्रधान कार्यालय कल्याण महाशाखालाई कुनै पनि प्रकारको दवाव दिने प्रयत्न गरेमा त्यस्तो प्रस्तावदाताको प्रस्ताव अस्वीकृत गर्न सकिनेछ।

३. प्रस्तावदाताहरुको आचरण :–

प्रस्तावदाताले खरिद प्रक्रियाको कार्यान्वयन वा खरिद सम्झौतामा प्रभाव पार्ने नियतले देहायका कार्यहरु गर्नु वा गराउन हुदैन :–

(क) प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै अनुचित प्रलोभन दिन वा सो को प्रस्ताव गर्न,

(ख) तथ्य बंग्याई वा झुक्याई पेश गर्न,

(ग) भ्रष्टाचारजन्य वा जालसाजपूर्ण कार्य गर्न वा त्यस्तो कार्यमा संलग्न हुन,

(घ) अन्य प्रतिस्पर्धी प्रस्तावदाताहरुको सहभागीतामा हस्तक्षेप गर्न,

(ङ) प्रतिस्पर्धामा संलग्न रहेको कुनै व्यक्तिको जीउ ज्यान वा सम्पत्ति नोक्सान गर्ने प्रत्यक्ष वा अप्रत्यक्ष धम्की दिने कार्य वा करकापजन्य कार्य गर्न,

(च) प्रस्तावदाताहरु बीच मूल्य कृत्रिम वा अप्रतिस्पर्धी तरिकाले कायम गर्ने वा अन्य कुनै तरिकाले सार्वजनिक निकायलाई खुल्ला तथा स्वतन्त्र प्रतिस्पर्धाको लाभबाट बञ्चित गर्ने उद्देश्यले प्रस्ताव पेश गर्नुभन्दा अघि वा पछि मिलोमतो गर्न वा गुटबन्दीमा संलग्न हुन,

(छ) प्रस्ताव खोलेको समय देखि स्वीकृतिको सूचना नदिँदासम्मको अवधिमा प्रस्तावका सम्बन्धमा प्रभाव पार्ने उद्देश्यले सार्वजनिक निकायसँग सम्पर्क गर्न वा प्रस्तावको परीक्षण र मूल्याङ्कनमा कुनै किसिमले प्रभाव पार्ने कार्य गर्न,

४. प्रस्तावहरुलाई कालोसूचीमा राख्नेः–

(क) यस करार अन्तर्गत नेपाल प्रहरी प्रधान कार्यालय कल्याण महाशाखाको अन्य अधिकारमा प्रतिकूल प्रभाव नपर्ने गरी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई कुनै प्रस्तावदातालाई निजले गरेको निम्न कार्यहरुको गाम्भीर्यता हेरी कालो सूचीमा राख्न सिफारिस गर्न सक्नेछः–

(१) प्रस्तावदाताले आचरण विपरीत कार्य गरेको प्रमाणित भएमा,

(२) सफल प्रस्तावदाता सम्झौता गर्न नआएमा, (धरौटी वापतको रकम समेत जफत हुने)

(३) सम्झौता कार्यान्वयन गर्दा सारभूत त्रुटी गरेको वा सम्झौता अनुरुपको दायित्व सारभूतरुपमा पालना नगरेको वा सञ्चालन सम्झौता बमोजिमको कार्य सो सम्झौता अनुसार गुणस्तरको नभएको कुरा पछि प्रमाणित भएमा, प्रस्तावदाता करारमा सहभागी हुनबाट अयोग्य हुनेगरी फौज्दारी कसूरमा अदालतवाट कसुरदार ठहरिएको भएमा,

(४) सञ्चालन सम्झौतामा भाग लिन अयोग्य ठहरिने कुनै फौज्दारी कसुरमा अदालतवाट दोषी ठहरिएमा,

(५) योग्यता ढाटी वा झुक्याई खरिद सम्झौता गरेको कुरा प्रमाणित हुन आएमा,

(६) प्रस्ताव सम्बन्धी कागजात वा यस निर्देशनमा उल्लेख भएका कुराहरुको विरुद्दको कार्य गरेमा।

(ख) नेपाल सरकार, सार्वजनिक खरिद अनुगमन कार्यालयबाट कालो सूचीमा राखी अयोग्य घोषित गरेको प्रस्तावदाता तोकेको अवधिसम्म खरिद कारवाहीमा भाग लिन अयोग्य हुनेछ।

५. प्रस्ताव खोल्ने :–

तोकिएको समय भित्र रितपूर्वक पेश भएका प्रस्तावहरु **मिति २०८२/०९/१४ गते १४:०० बजे (सो दिन कारणवस सरकारी बिदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनको सोही समयमा)** नेपाल प्रहरी प्रधान कार्यालय कल्याण महाशाखामा गठित मूल्याङ्कन समिति समक्ष खोलिनेछ । प्रस्ताव खोल्ने समयमा प्रस्तावदाता वा निजको अख्तियारीप्राप्त प्रतिनिधि उपस्थित नभए पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

६. योग्य प्रस्तावदाता :–

६.१ प्रस्ताव आव्हानको सूचनामा उल्लेख भए अनुसार सम्पूर्ण योग्य प्रस्तावदाताहरुको लागि यो प्रतिस्पर्धा खुला रहने छ ।

६.२ नेपाल सरकारको स्वामित्व भएका प्रतिष्ठानहरु कानूनी तथा आर्थिक रुपमा स्वायत्त भएमा, तिनीहरु वाणिज्य कानून अन्तर्गत सञ्चालित भएमा र प्रहरी कल्याण कोष उपर निर्भर नभएमा मात्र प्रस्ताव प्रकृयामा संलग्न हुन सक्नेछन् ।

६.३ प्रस्तावदाता भ्रष्टाचार र जालसाजपूर्ण कार्यका कारण नेपाल सरकारबाट अयोग्य घोषित भएको हुनु हुदैन ।

७. एउटा प्रस्तावदाताले एउटा मात्र प्रस्ताव पेश गर्नुपर्नेः–

एक जना प्रस्तावदाताले एउटा कार्य व्यक्तिगत रुपमा वा संयुक्त उपक्रमको साझेदारको रुपमा एक मात्र प्रस्ताव पेश गर्नुपर्नेछ ।

८. संयुक्त उपक्रमबाट पेश भएको प्रस्तावः–

प्रस्ताव सम्बन्धी सूचनामा अन्यथा उल्लेख भएकोमा बाहेक दुई वा दुई भन्दा बढी फर्महरु साझेदार भई पेश गरेको बोलपत्रले देहायका शर्तहरु पूरा गरेको हुनुपर्नेछ :–

(क) सबै साझेदारहरुलाई कानूनी रुपमा बन्धनकारी हुने गरी निजहरुले प्रस्तावमा सही छाप गरेको हुनुपर्ने,

(ख) करारका शर्त बमोजिम करारको कार्यान्वयनका लागि सम्पूर्ण साझेदारहरु संयुक्त र पृथक रुपमा उत्तरदायी हुनुपर्ने,

(ग) साझेदारहरु मध्ये एक जना मुख्य भई कुनै एक वा सबै साझेदारको लागि वा साझेदारका तर्फबाट दायित्व सिर्जना गर्न वा निर्देशन प्राप्त गर्न मनोनयन गरिएको हुनुपर्नेछ र यो अख्तियारीको प्रमाणस्वरुप सबै साझेदारहरुले कानूनी रुपमा सहीछाप गरेको वारेसनामा पेश गर्नुपर्ने,

९. प्रस्ताव फाराम :–

९.१ प्रस्तावदाताले चमेना गृह सञ्चालन हुने स्थानको स्थलगत अवलोकन गरी आन्तरिक डिजाइन, भित्रि सजावट, फर्निचर व्यवस्था तथा सम्पूर्ण व्यवस्थापन सम्बन्धी विस्तृत योजना सहितको विवरण पेश गर्नुपर्नेछ ।

९.२ प्रस्तावकले पेश गरेको आन्तरिक डिजाइन, भित्रि सजावट, फर्निचर व्यवस्था तथा सम्पूर्ण व्यवस्थापको योजनाको आधारमा आवश्यक निर्माण कार्य, थप फर्निचर तथा अन्य भौतिक तयारीको आवश्यकता देखिएमा सो को व्यवस्था कार्यालयबाट गरिनेछ ।

९.३ चमेना गृहमा VIP Block, Officers Block तथा Other Ranks Block गरी ३ वटा Block रहने छन् ।

१०. बोल कबोल मूल्यः–

(क) प्रस्तावदाताले प्रस्ताव पत्रको सूचीमा उल्लेख गरिएका खाना, खाजा, चिया, नास्ता लगायतका परिकारहरुको प्रत्येक आइटमको परिमाण सहितको मूल्य सूची भरी अंक र अक्षरमा प्रष्टसँग लेखेको हुनुपर्नेछ, **अंक र अक्षरमा फरक पर्न**

**गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ** साथै केरमेट भएमा दस्तखत गरी सहीछाप गरेको हुनुपर्नेछ, सम्पूर्ण आइटमको जोडजम्मामा फरक परेमा मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन।

(ख) करार सम्पन्न भए पश्चात करारमा उल्लेखित खाना तथा खाजाका मूल्यहरु करार अवधिभर लागू हुनेछ। विशेष परिस्थिति भई बजार भाउ थपघट भएमा औचित्य पुष्टि गरी आपसी सहमतिमा मूल्य समायोजन गर्न सकिनेछ।

(ग) प्रस्तावदाताले पेश गर्ने कागजात अन्य भाषामा मुद्रित भएमा सो कागजात सम्बन्धित देशको आधिकारिक संस्थाबाट अंग्रेजी भाषामा अनुवाद भएको हुनुपर्ने।

**"हाम्रो जानकारीमा आएसम्म र विश्वास भएसम्म हामीले माथि उल्लेख गरेको विवरण र जानकारी गराएका कुराहरु पूर्ण र सत्य छन्।"**

**११. प्रस्तावदाताले पेश गर्नुपर्ने कागजातहरु :–**

प्रस्तावदाताले प्रस्ताव फाराम साथ निम्न बमोजिमका प्रमाणित कागजातहरु अनिवार्य पेश गर्नुपर्नेछ :–

(क) नेपाल सरकारको सम्वन्धित निकायमा दर्ता भई सम्बन्धित काममा ईजाजतप्राप्त अद्यावधिक भएको फर्म/कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि।

(ख) मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र वा स्थायी लेखा (प्यान) दर्ता नम्बर प्रमाणपत्र प्रतिलिपि।

(ग) आ.व. २०८१।०८२ सम्मको सम्वन्धित कर कार्यालयबाट करचुक्ता गरेको प्रमाणपत्र प्रतिलिपि।

(घ) नागरिकताको प्रतिलिपि।

(ङ) प्रस्तावदाताले सार्वजनिक खरिद नियमावली, २०६४ को परिच्छेद ५ नियम ४० उपनियम (२) ङ बमोजिम खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहिमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा ब्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणापत्र।

(च) होटल, रेष्टुरेण्ट सञ्चालन सम्बन्धमा प्राप्त गरेको तालीम तथा अनुभवको प्रमाण पत्र।

(छ) कार्यालयले तोकेको न्यूनतम मासिक भाडा **रकम ने.रु. ४७,५००।- (अक्षरेपी सत्चालीस हजार पाँच सय रुपैयाँमात्र)** को तीन महिना बराबरको रकम ने.रु.१,४२,५००।- (अक्षरेपी एक लाख बयालीस हजार पाँच सय रुपैयाँमात्र) प्रहरी कल्याण कोषको रा.वा.बैंकमा रहेको खाता नं. ११६०१००००१८४९००१ मा जम्मा गरेको भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी भएको खोलुवा हुने दिन देखि न्यूनतम ७५ दिन अवधि भएको शर्त रहित (Unconditional) बैंक जमानत (Bid Bond) पत्र संलग्न गरी पेश गर्नु पर्नेछ **(प्रस्तावकले कार्यालयले तोकेको मासिक भाडाभन्दा अधिक कबोल गरेमा सोही अनुसारको रकम जम्मा गर्नुपर्नेछ)।**

(ज) माथि उल्लेखित सम्पूर्ण कागजातहरु सहित रितपूर्वक पेश भएका प्रस्तावहरु मात्र मूल्याङ्कनमा समावेश गरिनेछ।

**१२. मूल्याङ्कन प्रक्रिया, आधार र योग्यताक्रम**

मूल्याङकन गर्दा निम्न आधारहरुलाई क्रमश प्राथमिकतामा राखी मूल्याङ्कन गरिनेछ।

१२.१ व्यवस्थापन प्रणाली प्रस्तावित योजना

- दक्ष जनशक्तिको उपलव्धता संख्या, योग्यता र जनशक्ति परिचालन योजना
- उपलव्ध स्थानको अधिकतम उपयोग योजना
- सजावट तथा व्यवस्थापन (VIP Block, Officer Block, Other Ranks Block)
- कच्चा पदार्थको गुणस्तर तथा आपूर्ति व्यवस्थापन र सेवा सुविधा प्रवाह गर्ने तरिका

१२.२ खानाको गुणस्तर कायम राख्ने प्रस्तावित योजना

१२.३ सञ्चालन अनुभव तथा योग्यता

१२.४ नियमित खाना (Regular Menu) को मूल्य सूची

प्रस्ताव पत्रमा तोकिएको भन्दा बढी कबोल गरेको भाडा रकम तथा उल्लेख गरिएका खाना, खाजा, चिया, नास्ता लगायतका परिकारहरुको पेश गरेको न्युन दर रेटलाई मात्र मूल्याङ्कनको आधार मानिने छैन।

**१३. प्रस्ताव स्वीकृत गर्ने र सम्झौता गर्ने**

१३.१ मूल्याङ्कनमा प्रभावग्राही भई छनौट भएको प्रस्तावदातालाई निजको प्रस्ताव स्वीकृत भए पछि सम्झौता गर्न आउन ७ दिने सूचना जारी गरिनेछ।

१३.२ सम्झौता भए पश्चात चमेना गृह सञ्चालनको लागि कार्य आदेश जारी गरिनेछ।

१३.३ प्रस्ताव स्वीकृत भई सम्झौता गरेपश्चात शर्त नं.१३.२ अनुसारको कार्यादेश बमोजिम चमेना गृह सञ्चालन गर्नुपर्नेछ।

१३.४ चमेना गृह सञ्चालनको लागि आवश्यक जनशक्ति, उपकरणहरु (Stove, Chimney, Refrigerator, Fan, Computer, Printer etc.) आवश्यक भाडा वर्तनको व्यवस्था तथा चमेना गृह सञ्चालन व्यवस्थापनमा हुने सम्पूर्ण खर्च प्रस्तावदाता स्वंयले व्यहोर्नु पर्नेछ।

१३.५ स्वीकृत प्रस्तावदातासँग ३ महिनाको परीक्षणकाल रहने गरी २ (दुई) बर्षको करार सम्झौता गरिनेछ।

**१४. निरीक्षण र जाँच :–**

१४.१ चमेना गृह सञ्चालन भए पश्चात आवश्यक निरीक्षण र जाँच यस कार्यालय तथा आवश्यक ठानिएका अन्य सम्बन्धित प्राविधिक टोलीबाट हुनेछ। उक्त टोलीको निर्देशन बाध्यकारी हुनेछ।

**१५. खाद्य सामानको गुणस्तर :**

१५.१ प्रस्तावदाताले उपलब्ध गराउने खाद्य सामाग्रीहरु अनिवार्य रुपमा उच्च गुणस्तरयुक्त तथा स्वास्थ्यबर्धक हुनुपर्नेछ।

**१६ मासिक भाडा रकम**

१६.१ **मासिक न्यूनतम् भाडा रकम ने.रु. ४७,५००।- (अक्षेरपी सरचालीस हजार पाँच सय रुपैयाँमात्र)** को नियमानुसार लाग्ने कर सञ्चालकले व्यहोर्नुपर्नेछ।

**१७. अन्य व्यहोरा :–**

१७.१ भान्सा कोठा, डाईनिङ्ग, फर्निचर, भाँडा वर्तन लगायतका चमेना गृहमा प्रयोग हुने सामाग्रीहरु उच्चस्तरको हुनुपर्नेछ।

१७.२ भान्सा तथा सम्पूर्ण चमेना गृहको ईलाकाको सरसफाई तथा Hygiene कायम गर्ने योजना तथा कार्य तालिका पेश गर्नुपर्नेछ।

१७.३ उल्लेखित चमेना गृहको ईलाका तथा सम्पूर्ण सामाग्रीहरुको Sanitation Standard लाई कायम राख्ने गरी जडान, व्यवस्थापन तथा तयार गरिएको हुनुपर्नेछ।

१७.४ खानाको गुणस्तर (Food Quality) कायम गर्न तयारीको क्रममा प्रयोग हुने कच्चा पदार्थको गुणस्तर तथा तयारीको प्रकृया समेत Hygienic हुनुपर्नेछ।

१७.५ नेपाल प्रहरी प्रधान कार्यालय कल्याण महाशाखाको प्रमुख उद्धेश्य आफ्ना हिताधिकारीहरुलाई न्यूनतम मूल्यमा गुणस्तरिय सेवा सुबिधाहरु प्रवाह गर्ने रहेको हूदा शर्त नं.१२ बमोजिमको योग्यताक्रमलाई आधार मानी सारभूत रुपमा प्रभावग्राही प्रस्तावदाताहरुको प्रस्तावहरुलाई मात्र Short List गरी मूल्याङकन गरिनेछ।

१७.६ **मिति २०८२।०९।१३ गते १४:०० बजे** नेपाल प्रहरी प्रधान कार्यालय कल्याण महाशाखा नक्सालमा Pre-Bid Meeting गरिनेछ।

१७.७ यस प्रस्ताव सम्बन्धी कागजातमा उल्लेख नभएका अन्य कुराहरु तथा सम्पूर्ण प्रकृयाहरु प्रचलित ऐन, नियम बमोजिम हुनेछ।

१७.८ मूल्याङ्कनको क्रममा नेपाल प्रहरी प्रधान कार्यालय कल्याण महाशाखाद्वारा गठित समितिबाट खानाको गुणस्तर परीक्षण गरी मूल्याङ्कनको योग्यताक्रममा समावेश गर्न सक्नेछ।

उपरोक्त शर्त नं. १ देखि शर्त नं. १७.८ सम्म उल्लेख भएका सम्पूर्ण कुराहरु अध्ययन गरी सो कुरा पूर्णरुपमा पालना गरी यो प्रस्ताव पेश गरेको छु / छौ। कुनै त्रुटि पाइएमा कानुन बमोजिम हुन मञ्जुर छु/छौ भनी सहिछाप गर्ने

प्रस्तावदाताको :–

सहिछाप :

व्यक्ति/फर्म /कम्पनीको नाम :

ठेगाना :

फोन नं. :

फ्याक्स नं. :

फर्म/कम्पनीको छाप :

## क्र.स. ३ सम्झौताको नमूना

खरिद सम्झौताको सर्त र नमूना :–

नेपाल प्रहरी प्रधान कार्यालय, नक्सालको हाताभित्र रहेको भवनमा प्रहरी चमेना गृह सञ्चालन गर्ने सम्बन्धमा नेपाल प्रहरी प्रधान कार्यालय, कल्याण कोष, नक्सालका तर्फबाट अख्तियार प्राप्त.........................र.........................का तर्फबाट अख्तियार प्राप्त श्री .........................वीच भएको सम्झौता-पत्र

नेपाल प्रहरी प्रधान कार्यालय नक्सालको हाता भित्र रहेको भवनमा प्रहरी चमेना गृह सञ्चालनको लागि मिति २०८२।०९।०७ मा गोरखापत्र राष्ट्रिय दैनिकमा सूचना प्रकाशन गरी आवेदन भर्नेहरु मध्येबाट सारभूत रुपमा प्रभावग्राही रहेको .......................... लाई सुपथ मूल्यमा प्रहरी चमेना गृह सञ्चालन गरी गुणस्तरीय एवं स्वास्थ्यबर्द्धक खाना तथा खाजा खुवाउने सम्बन्धमा तपसिलमा उल्लेखित शर्तहरु बमोजिम गर्न गराउन दुवै पक्ष मञ्जुर भई यो सम्झौता पत्रमा हस्ताक्षर गरी एक एक प्रति लियौं/दियौं।

### १. सम्झौताका पक्षहरु

(क) नेपाल प्रहरी प्रधान कार्यालय कल्याण महाशाखा नक्साल काठमाण्डौं (प्रहरी कल्याण कोष) (प्रथम पक्ष)

(ख) ................................ (द्धितिय पक्ष)

### २. सम्झौता अवधि

यो सम्झौताको अवधि दुवै पक्षले हस्ताक्षर गरेको मिति देखि ३ महिनाको परिक्षणकाल सहित २ (दुई) बर्ष सम्मका लागि हुनेछ। दुवै पक्षको आपसी सहमतिबाट सम्झौताको अवधी थप गर्न सकिनेछ।

### ३. चमेना गृह सञ्चालन गर्ने क्षेत्र

नेपाल प्रहरी प्रधान कार्यालय नक्सालको हाताभित्र हाल सञ्चालन भइरहेको भवनमा प्रथम पक्षले तोकिदिएको क्षेत्रमा रेण्टुरेण्ट सञ्चालन गर्नुपर्नेछ।

### ४. चमेना गृह सञ्चालन समयावधी

क) जाडो मौसममा बिहान ०७:०० बजे देखि साझ १९:०० बजेसम्म

ख) गर्मी मौसममा बिहान ०६:०० बजे देखि साझ १९:०० बजेसम्म

ग) विशेष अवस्थामा प्र.प्र.का.को आवश्कता अनुसार

### ५. सञ्चालन शूल्क

प्रहरी चमेना गृह सञ्चालन गरे वापत सञ्चालन शूल्क स्वरुप ने.रु...................( .............................. मात्र) प्रत्येक महिनाको अग्रिम रुपमा दोश्रो पक्षले प्रथम पक्षलाई बुझाउनुपर्नेछ।

**६. सम्झौताको शर्तहरु**

६.१ प्रत्येक शर्तहरुको पालना गर्नु दोस्रो पक्षको कर्तव्य हुनेछ ।

६.२ यो सम्झौता पत्र दुवै पक्षको (प्रथम तथा द्वितिय पक्ष) सहमतिमा हस्ताक्षर भएको दिनदेखि लागू हुनेछ । प्रथम पक्षले तोकिदिएको स्थानमा सम्झौतामा उल्लेखित भए बमोजिमको समयका लागि दोस्रो पक्षले हप्तामा सातै दिन रेष्टुरेन्ट सञ्चालन गर्नुपर्नेछ ।

६.३ दोस्रो पक्षलाई प्रहरी चमेना गृह सञ्चालनका लागि थप कोठाहरु तथा स्थान आवश्यक परेमा सो सम्बन्धमा प्रथम पक्षले निर्णय गरे बमोजिम हुनेछ ।

६.४ पहिलो पक्षले चमेना गृह सञ्चालनको लागि आवश्यक पर्ने फर्निचर दोस्रो पक्षलाई प्रदान गर्ने छ । प्रथम पक्षले प्रदान गरेकोमा अपुग भएमा प्रथम पक्षले आवश्यक देखेमा स्वयंमले लगानी गरी व्यवस्था गर्नुपर्नेछ ।

६.५ प्राकृतिक प्रकोप लगायत अन्य भवितब्यबाट भएको क्षति देखि बाहेकको अवस्थामा प्रहरी चमेना गृहको भवन, फर्निचर आदिको मर्मत कार्य दोस्रो पक्षले नियमिंत रुपमा गर्नुपर्नेछ ।

६.६ प्रहरी चमेना गृहसँग सम्बन्धित दोस्रो पक्षका सम्पूर्ण कर्मचारीहरुको व्यक्तिगत बिवरण अनिवार्य रुपमा प्रथम पक्षलाई उपलव्ध गराउनु पर्नेछ । प्रचलित कानून बमोजिम फौजदारी अभियोग लागेका र १८ बर्ष नपुगेका कुनै पनि नावालकलाई दोस्रो पक्षले काममा लगाउन पाउने छैन ।

६.७ दुवै पक्षबीच भएको सम्झौताको आधारमा प्रहरी प्रधान कार्यालय परिसरमा "प्रहरी चमेना गृह" को नामबाट चमेना गृह सञ्चालन हुनेछ । दोस्रो पक्षले चमेना गृहबाट उपलव्ध गराउने सम्पूर्ण खाना, खाजा, चिया, नास्ता लगायतका सेवाहरु पूर्णरुपमा गुणस्तरीय एवं Health and Safety लाई सुनिश्चित गर्नुपर्नेछ ।

६.८ प्रहरी चमेना गृहले उपलब्ध गराउने खाना, खाजा लगायतका सेवा तथा सुबिधाहरुको गुणस्तर परीक्षण प्रत्येक महिनामा नेपाल प्रहरी अस्पताल महाराजगञ्जको Nutrition Doctor तथा बिशेष अनुगमन समितिबाट गरिनेछ । निरीक्षण तथा अनुगमनका क्रममा गुणस्तरहीन पाइएमा, Food Hygienic नभएमा, अखाद्य वस्तुको प्रयोग भएको पाइएमा, सरसफाइमा लापरवाही भएको पाइएमा आवश्यक सुधार गर्न समयसीमा दिई पहिलो पक्षले दोस्रो पक्षलाई लिखित रुपमा सचेत गराउन सक्नेछ । यसरी सचेत गराउँदा पनि दोस्रो पक्षवाट उपरोक्त उल्लेखित बिषयहरुमा कुनै सुधार नगरिएमा पहिलो पक्षले सूचना दिई सञ्चालन सम्बन्धी सम्झौता रद्द गर्न सक्नेमा दुबै पक्ष मन्जुर गर्दछन् ।

६.९ प्रहरी चमेना गृह सञ्चालनको लागि आवश्यक पर्ने विद्युत, पानी लगायतका खर्च दोश्रो पक्ष स्वयमले आफ्नै नाममा मिटर जडान गरी व्यहोर्नु पर्नेछ ।

६.१ प्रहरी चमेना गृहमा सबैले देख्ने गरी सम्झौता पत्रमा उल्लेख गरिए बमोजिमको मूल्य सूचि टाँस गरी राख्नुपर्नेछ । साथै दोश्रो पक्षले सोही दर रेटमा खाना खाजा सेवा प्रदान गर्नुपर्नेछ।

६.११ प्रथम पक्षबाट सहमति लिई दोस्रो पक्षले चमेना गृहमा काम गर्ने कर्मचारीहरुलाई अनिवार्य ड्रेस कोडको व्यवस्था गर्नुपर्नेछ । चमेना गृहमा काम गर्ने कर्मचारीहरुलाई प्रवेशका लागि आवश्यक परिचय पत्रको प्रबन्ध प्रथम पक्षले गर्नेछ ।

६.१२ चमेना गृहको सरसफाई तथा चमेना गृहको फोहोरको उचित व्यबस्थापन दोश्रो पक्ष स्वयमले गर्नुपर्नेछ ।

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल

६.१३ दुवै पक्षले एक अर्कालाई सहयोगात्मक भावना राखी कार्य गर्नेछन, चमेना गृह सञ्चालनका बिषयमा कुनै पनि समन्वय गर्न दुबै पक्षबाट समन्वयकर्ताहरु तोकिने छ, दुवै पक्षबीच कुनै विषयमा कुनै समस्या आईपरेमा दुवै पक्ष आपसमा बसी छलफल गरी समस्याको निराकरण गरिनेछ ।

६.१४ दोस्रो पक्षले सवै सेवाग्राहीहरुसँग मैत्रीपुर्ण व्यवहार गर्नुपर्नेछ, कुनै ग्राहकवर्गबाट अभद्र व्यवहार भए गरेको पाइएमा यथाशिघ्र प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ । यस्तो व्यवहार गर्ने प्रहरी कर्मचारीमाथि प्रचलित ऐन नियम बमोजिम कारवाही गरिने छ ।

६.१५ दोश्रो पक्षले पेश गरेको खाजा तथा खानाको विवरणको अतिरिक्त थप नयाँ परिकारको खाजा तथा खाना उपलब्ध गराउन चाहेमा प्रथम पक्षको सहमतिमा खानाको मूल्य निर्धारण गरी सेवा प्रदान गर्न सक्नेछ ।

६.१६ चमेना गृह सञ्चालकले अनिवार्य रुपमा उजुरी पेटिका तथा निरीक्षण अनुगमन पुस्तिका राख्नु पर्नेछ ।

६.१७ चमेना गृह सञ्चालनको लागि दोस्रो पक्षले खरिद तथा लगानी गरेको पूँजीगत सामानहरुको मूल्य सहितको विवरण समयमा नै प्रथम पक्षलाई जानकारी गराउनु पर्ने छ ।

**७) सम्झौताको समाप्ति**

७.१ यो सम्झौताको समयावधि समाप्त भए पश्चात सम्झौताको म्याद थप नभएमा सम्झौता स्वतः समाप्त भएको मानिने छ ।

७.२ दोस्रो पक्षले चमेना गृह सञ्चालन गरे वापत मासिक रुपमा प्रथम पक्षलाई बुझाउनुपर्ने अग्रिम सञ्चालन शूल्क ने.रु ......... लगातार तिन महिना सम्म पनि नबुझाएमा प्रथम पक्षले सम्झौता रद्द गर्न सक्ने छ ।

७.३ दोस्रो पक्षले चमेना गृहबाट उपलव्ध गराउने सम्पूर्ण खाना, खाजा, चिया, नास्ता लगायतका परिकारहरुमा गुणस्तरको समस्या वा कैफियत देखिएमा प्रथम पक्षले यो सम्झौता रद्द गर्न सक्ने छ तर यसको सूचना दोस्रो पक्षलाई ३० (तीस) दिन अगावै दिनुपर्नेछ ।

७.४ चमेना गृहको सञ्चालन सन्तोषजनक नभएमा, सम्झौता पत्र बमोजिम भएको नपाइएमा तथा सम्झौताको कुनै एक पक्षले सम्झौता अवधि पुरा नहुँदै सम्झौता रद्द गर्नु पर्ने भएमा कारण सहित ३० (तीस) दिन अगावै जानकारी दिई सम्झौता रद्द गर्न सक्नेछ ।

७.५ चमेना गृह सञ्चालन सम्बन्धी निर्देशिकामा उल्लेख भए बमोजिमको मापदण्ड पुरा नभएमा बिशेष अनुगमन समितिबाट सिफारिस भइ आएमा समेत सम्झौता रद्द हुन सक्नेछ ।

**८. दायित्व र क्षतिपूर्ति**

८.१ चमेना गृहमा कार्यरत आफ्ना सम्पुर्ण कर्मचारी तथा कामदारहरुको वीमा लगायतको सम्पुर्ण खर्चको जिम्मेवारी दोश्रो पक्ष स्वयंमको हुनेछ । यस बिषयमा प्रथम पक्ष जिम्मेवार हुनेछैन ।

८.२ चमेना गृह सञ्चालन गर्दा असावधानी वा लापरवाहीपूर्वक सञ्चालन गरेको कारणबाट व्यक्ति तथा कार्यालयलाई पर्न जाने सम्पूर्ण क्षतिको जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

८.३ करारका पक्षहरुको अन्य दायित्व र क्षतिपूर्ति सम्बन्धमा करार ऐन बमोजिम हुनेमा दुवै पक्ष मञ्जुर गर्दछौं ।

९. चमेना गृह सञ्चालन अवधि समाप्त भएमा वा अवधि नपुगी कुनै पनि बेला सम्झौता रद्द भएमा दोस्रो पक्षले चमेना गृह सञ्चालन गर्दा लगानी गरी प्रयोगमा ल्याएका सामानहरु मध्ये पून: प्रयोगमा आउन सक्ने तथा उठाएर अन्यत्र लैजान नमिल्ने सामानहरुको सम्बन्धमा मूल्याङ्कन समिति गठन गरी सो समितिबाट निर्धारित दर रेटमा कल्याण महाशाखाले रकम उपलब्ध गराई सामान लिन सक्नेछ ।

१०. निम्न लिखित कागजातहरु यो सम्झौताको अंगको रुपमा रहेका छन र तिनीहरुलाई यो सम्झौतासँगै पढिने र अर्थ लगाइने छ।

(१) कार्यालयले प्रस्तावदातालाई दिएको सञ्चालन स्वीकृतिको सूचना

(२) प्रस्तावदाताले पेश गरेको प्रस्ताव पत्र

(३) सम्झौता करारका शर्तहरु

१२. यो सम्झौता पत्रमा संशोधन, हेरफेर तथा थपघट गर्न आवश्यक भएमा दुवै पक्षको सहमतिमा आवश्यकता अनुसार संशोधन हेरफेर तथा थपघट गर्न सकिनेछ।

यो करारनामा करार गर्ने हामी दुबै पक्षको रोहवरमा नेपाल प्रहरी प्रधान कार्यालय कल्याण महाशाखामा लेखबद्ध गरियो।

**१३. पक्षहरु**

चमेना गृह सञ्चालकको पक्षबाट :-

दस्तखत ..........................

फर्मको नाम:...............

व्यक्तिको नाम: ........................

व्यक्तिको फर्मको दर्जा :.....................................

फोन नम्बर : ...................................

इमेल आईडी :...........

मिति: २०८०।.......।........ गते।

प्रहरी कल्याण कोषका पक्षबाट :-

दस्तखत......................

नाम:..........

दर्जा: ..........................

फोन नम्बर :....................

इमेल आईडी :..........

मिति २०८०।......।..... गते।

साक्षीहरु :-

(१)

(२)

(३)

ईति सम्बत २०८२ साल .................. महिनाको......... गते रोज ..... शुभम्।

## क्र.स. ४ मूल्य सूची

| सि.नं. | आईटमको नाम | स्पेशिफिकेसन | मासिक भाडा तिर्ने सर्त अनुसारको कबोल मूल्यसूची | मासिक भाडा नतिर्ने सर्त अनुसारको कबोल मूल्यसूची | कैफियत |
|---|---|---|---|---|---|
| | | | प्रति ईकाई मूल्य रु | प्रति ईकाई मूल्य रु | |
| | **नियमित तर्फ** | | | | |
| **पेय पदार्थ** | | | | | |
| १ | चिया (१५० ml) | कालो | | | |
| | | दुध | | | |
| | | स्पेशल | | | |
| २ | कफि (१५० ml) | कालो | | | |
| | | दुध | | | |
| | | कोल्ड कफि | | | |
| ३ | लेमन टि | १५० ml | | | |
| ४ | दुध | २४० ml | | | |
| ५ | हट चक्लेट | १५० ml | | | |
| ६ | हट लेमन | २४० ml | | | |
| ७ | मिनिरल वाटर | १ लिटर | | | |
| ८ | फ्रेस जुस (सिजनेवल) | २४० ml | | | |
| ९ | क्यान जुस | २५० ml | | | |
| १० | कोक, फ्यान्टा, स्प्राइट आदी | २५० ml | | | |
| ११ | लस्सी (२४० ml) | सादा | | | |
| | | स्वीट | | | |
| | | बनाना | | | |
| | | मिक्स | | | |
| | **सिम्पल ब्रेक फास्ट** | | | | |
| १२ | **अण्डा** | **उसिनेको** | | | |
| | | **पोच** | | | |
| | | **भुजुरी** | | | |
| | | **अम्लेट** | | | |
| **१३** | **जाम बटर टोस्ट २ पिस** | | | | |

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय

| सि.नं. | आईटमको नाम | स्पेशिफिकेसन | मासिक भाडा तिर्ने सर्त अनुसारको कबोल मूल्यसूची | मासिक भाडा नतिर्ने सर्त अनुसारको कबोल मूल्यसूची | कैफियत |
|---|---|---|---|---|---|
| | | | प्रति ईकाई मूल्य रु | प्रति ईकाई मूल्य रु | |
| १४ | जाम बटर टोस्ट २ पिस + अम्लेट | | | | |
| १५ | जेरी | | | | |
| १६ | पुरी | | | | |
| १७ | सेल रोटी ५० ग्राम | | | | |
| १८ | माल्पुवा | | | | |
| १९ | चना फ्राई ४० ग्राम | | | | |
| २० | आलु फ्राई ५५ ग्राम | | | | |
| २१ | तरकारी | | | | |
| खाना आईटम | | | | | |
| २२ | खाना सेट | भेज | | | |
| | | चिकन | | | |
| | | मटन | | | |
| | | फिस | | | |
| २३ | फ्राईड राईस ३५० ग्राम | भेज | | | |
| | | चिकन | | | |
| | | मटन | | | |
| | | मिक्स | | | |
| खाजा आईटम | | | | | |
| २४ | चाउमिन ३५० ग्राम | भेज | | | |
| | | येग | | | |
| | | चिकेन | | | |
| | | मिक्स | | | |
| २५ | म:म: बोसो छाला रहित पर पिस २० ग्राम | भेज | | | |
| | | बफ | | | |
| | | चिकेन | | | |

| सि.नं. | आईटमको नाम | स्पेशिफिकेसन | मासिक भाडा तिर्ने सर्त अनुसारको कबोल मूल्यसूची प्रति ईकाई मूल्य रु | मासिक भाडा नतिर्ने सर्त अनुसारको कबोल मूल्यसूची प्रति ईकाई मूल्य रु | कैफियत |
|---|---|---|---|---|---|
| | | पनिर | | | |
| २६ | नान रोटी | प्लेन | | | |
| | | बटर | | | |
| २७ | सादा रोटी | | | | |
| २८ | पकौडा पर पिस १५ ग्राम (जम्मा ६ पिस) | | | | |
| २९ | बारा | सादा १०५ ग्राम | | | |
| | | अण्डा १६० ग्राम | | | |
| ३० | खाजा सेट् | भेज | | | |
| | | बफ | | | |
| | | चिकेन | | | |
| | | मटन | | | |
| | | फिस | | | |
| | | पाङ्ग्रा | | | |
| ३१ | चाउचाउ | फ्राई | | | |
| | | सुप | | | |
| ३२ | थुक्पा | भेज | | | |
| | | चिकेन | | | |
| | | येग | | | |
| ३३ | समोसा | प्रति पिस ७० ग्राम | | | |
| ३४ | खिर | | | | |
| ३५ | आलुतामा | | | | |
| ३६ | आलुचप | | | | |
| ३७ | चिकेन पुलाउ (कम्तिमा १०० ग्राम चिकन) | | | | |
| ३८ | दही चिउरा | | | | |
| ३९ | खसिको भुटन | | | | |
| ४० | चिकन चिल्ली | | | | |

| सि.नं. | आईटमको नाम | स्पेशिफिकेसन | मासिक भाडा तिर्ने सर्त अनुसारको कबोल मूल्यसूची | मासिक भाडा नतिर्ने सर्त अनुसारको कबोल मूल्यसूची | कैफियत |
|---|---|---|---|---|---|
| | | | प्रति ईकाई मूल्य रु | प्रति ईकाई मूल्य रु | |
| ४१ | **पाङ्ग्रा** | | | | |
| ४२ | **पास्ता** | | | | |
| ४३ | **परौठा** | | | | |
| ४४ | **हलुवा** | | | | |
| ४५ | **दही** | २०० ml | | | |
| **अन्य तर्फ** | | | | | |
| १ | बर्गर | चिकेन | | | |
| | | भेज | | | |
| | | येग | | | |
| २ | पिज्जा | **चिज** | | | |
| | | मसरुम | | | |
| | | चिकेन | | | |
| | | मिक्स | | | |
| ३ | **स्याण्डविच** | चिकेन | | | |
| | | भेज | | | |
| | | येग | | | |
| ४ | ब्रियानी | चिकेन | | | |
| | | भेज | | | |
| | | येग | | | |
| ५ | फलफूल –प्रति प्लेट | फ्रुट / मिक्स फ्रुट | | | |
| | | जम्म | | | |

प्रस्तावदाताले प्रस्ताव पत्रमा BOQ मा भएका आईटम भन्दा अन्य थप आईटमको समेत दररेट प्रस्ताव गर्न चाहेमा यस भन्दा तल छुट्टै पानामा प्रस्ताव पेश गर्नुपर्नेछ र सम्झौता हुँदाको बखत आपसी सहमतिमा सम्झौतामा समावेश गर्न सकिनेछ।

मासिक भाडा तिर्ने सर्त अनुसारको कबोल जम्मा मूल्यसूची अक्षरमा :

मासिक भाडा तिर्ने नतिर्ने सर्त अनुसारको कबोल जम्मा मूल्यसूची अक्षरमा

प्रस्तावदाताको सहिछाप :–